सुर्नया गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

रौलेश्वर बैतडी

सुदूरपश्चिम प्रदेश

नेपाल

प.स.:- २०७७/०७८

च.नं

मिति : २०७८।०२।२१

## प्रेस विज्ञप्ती

नयाँ भेरीयन्टका साथ दोस्रो लहरको कोरोना संकमण को यस गा.पा. पनि व्यापक प्रभाव रहेको र महामारीको रुपमा रहेको यो रोग नियन्त्रण गर्न गाउँपालिका पूर्ण रुपमा सकिय रहेको छ र पूरै जनशक्ति परिचालन गरिएको छ। यसै सन्दर्भमा यस गा.पा. का विभिन्न विकास निर्माण काम हरु लाई प्रभावित हुने ढंगले विगत केहि दिन यता केही व्यक्ति हरुले सामाजिक सञ्जाल मार्फत यर्थात नै नबुझि केही भ्रामक समाचार हरु प्रकाशित भएको प्रति यस गाउँपालिका को गम्भिर ध्यानाकर्षण भएको छ ,जुन देहाय अनुसार भएको र हुदै गरेको हो।

१) २०७८।०१।१७ देखि हाल सम्म बैतडी जिल्लामा निषेधाज्ञा जारी रहेको अवस्था मा विकास निर्माण का कार्यकम योजना ,आयोजनाहरु ढिलो संचालन हुने र प्रभावित हुने देखिन्छ।

२) सङ्घीय सरकारको शशर्त अनुदान सफ्टवेयरका का कार्यकम संचालन का लागि प्रक्रिया अगाडी बढेपछि कोरोना र बन्दाबन्दी ले प्रभावित भएका र कार्यान्वयन प्रक्रिया मा कमश: समावेश गरिने छसाथै सफ्टवेयरका का कार्यकमहरुलाई भौतिक निर्माण र अन्य पूर्वाधार विकासमा खर्च गर्न नसकिने कार्यविधि रहेको छ।

३) गाउँपालिका मै कार्यरत कर्मचारीलाई समेत कोरोना पोजेटिभ भएको कारणले योजना /कार्यकम संचालन मा थप असहजता भएको हुदा कमश: स्थिति सामान्य हुदै गएको छ ।

४) यस गा.पा. वडा नं ०४ डौडामाण्डौ को जीर्ण पूल मर्मत कार्य यसै बर्ष मर्मत हुने कार्यकम रहेको छ।

उपरोक्तानुसार सत्यतथ्य र यर्थात नै नबुझि भ्रम फैलाउने काम नगर्न सम्बन्धित पक्ष लाई जानकारी गर्दै विकास निमार्ण र कोरोना नियन्त्रण मा लाग्न सबैमा अनुरोध गर्दछौ। साथै विभिन्न समयमा यस गा.पा. का विषयमा सामाजिक सञ्जाल मा आउने नकारात्मक अभिव्यक्ति हरु मा कुनै सत्यता नभएको समेत प्रष्ट पार्न चाहान्छौ।

( बीर बहादुर बिष्ट )

गा.पा. अध्यक्ष

बिर बहादुर बिष्ट
गा.पा. अध्यक्ष

धन्यवाद !